INNOVATIVE RESEARCH JOURNAL Vol.:3, Issue: 1, July, 2024

**DOI: https://doi.org/10.3126/irj.v3i1.71036**

# शङ्कर लामिछानेको 'एब्स्ट्रयाक्ट चिन्तन प्याज' निबन्धको विश्लेषण

**सुजन सोडारी**
**सानोठिमी क्याम्पस, भक्तपुर**
***sujan.sodari@sac.tu.edu.np***

**लेखसार**

*प्रस्तुत आलेख निबन्धकार शङ्कर लामिछानेद्वारा रचित 'एब्स्ट्रयाक्ट चिन्तन प्याज' निबन्धको विश्लेषणसँग सम्बन्धित रहेको छ । यस लेखको उद्देश्य एब्स्ट्रयाक्ट चिन्तन प्याजको निबन्ध तत्त्वगत समीक्षण गर्नुरहेको छ । वस्तुतः यसको विश्लेषण गुणात्मक अनुसन्धान ढाँचाको अनुप्रयोग गरिएको छ । सामग्रीहरूलाई पुस्तकालयीय प्रक्रियाबाट संकलन गरिएको छ । निबन्धको विश्लेषण गर्दा आवश्यक प्रतिमानहरू निर्माण गरिएको छ । आजको मानिसको अवस्थाको वास्तविक यथार्थ चित्रण गर्दै मानिस र प्याजलाई तुलना गरिएको छ । आजका मानिसहरू विभिन्न परिबन्धनका सीमामा बाँधिएका छन् भने भोलिका मानिसहरू कुनै सीमामा नबाँधिएर यस विश्व जगतमा भएका सबै मानिसहरू स्वतन्त्र हुने विचार प्रस्तुत गरिएको छ । विश्वको हरेका मानिस घरेलु परिस्थितिदेखि विश्वस्तरीय विविध समस्याहरूबाट प्रभावित र प्रेरित हुन्छ । आजको मानिस समसमायिक स्थितिको बारेमा अन्योल, अकर्मण्यता, शङ्का आदि जस्ता समस्याबाट जेलिएको र यस्तै जीवन अनन्त कालसम्म यसैगरी रहिरहने भाव यस निबन्धमा प्रस्तुत गर्न खोजिएको छ । यस क्रममा निबन्ध सम्बद्ध कतिपय नवीन पक्षहरू प्राप्त भएका छन् । प्रस्तुत लेखबाट यस निबद्ध सरोकारवालाहरू सबैलाई अपेक्षित सहयोग मिल्ने विश्वास लिएको छु ।*

**मुख्य शब्दावली :** *एक्स्ट्रयाक्ट चिन्तन प्याज, जीवन निरर्थक, चेतन प्रवाह शैली, अमूर्त लेखन, अकर्मण्यता*

**Received:** 15 June, 2024 Revision **Accepted:** 21 July, 2024 **Published:** 30 July, 2024

## अध्ययनको पृष्ठभूमि

निबन्धकार शङ्कर लामिछाने (१९८४-२०३२) नेपाली साहित्यको क्षेत्रमा पृथक् नवीन मूल्य र मान्यता स्थापित गर्न सफल प्रतिभाशाली निबन्धकार हुन् । उनी डेढ वर्षको सानै उमेरदेखि मामाघर बनारसमा बसी प्रारम्भिक शिक्षाका अध्ययन गरे । एघार वर्षपछि काठमाडौंमा आई त्रि-चन्द्र कलेजमा आइ. एस्सीसम्मको अध्ययन पूरा गरेका लामिछानेले गुठी

अड्डाको खरिदार (२००६), काव्य प्रतिष्ठानको सदस्य सचिव (२०१३), नेपाल भारत सांस्कृतिक केन्द्र-पुस्ताकलयका अध्यक्ष (२०१२), घरेलु शिल्प कला भण्डारका मुख्य प्रबन्धक (२०२१), जनसेवा चलचित्र भवनका प्रबन्धक (२०१७), क्युरियो पसल सञ्चालन (२०१८), 'इन्द्रेणी पत्रिका' र 'हाम्रो साहित्य' पाठ्यपुस्तकको सम्पादन तथा लेखन आदि जस्ता पेशा, सेवा र व्यवसायमा रही नेपाली साहित्यको अभिवृद्धिका निमित्त समर्पित पाइन्छन् ।यिनी मदन पुरस्कार (२०२४) बाट सम्मानित र पुरस्कृत भएका छन् । वि.सं. २००३ सालमा 'साहित्य स्रोत' पत्रिकमा 'हाम्रो समाजमा नारीको मूल्य' निबन्ध प्रकाशन गरी निबन्ध क्षेत्रमा प्रवेश गरेका लामिछाने आधुनिक प्रयोगवादी निबन्धकारका रूपमा चिनिन्छन् (आचार्य, २०६८) । यिनका 'हाम्रो समाजमा नारीको मूल्य' फुटकर निबन्ध देखि (२०१२), 'एब्स्ट्रयाक्ट चिन्तन प्याज ( २०२४), 'गोंधूलि संसार (२०२८), बिम्ब प्रतिबिम्ब (२०२८)', शंकर लामिछानेको निबन्ध ( २०५९) जस्ता निबन्ध-सङ्ग्रहहरू प्रकाशित भएका छन् । लामिछानेको दृष्टिमा (२०३३) आत्मकथा, गौंथलीको गुँड (२०२५) कथा-सङ्ग्रह पनि प्रकाशित भएका छन् ।

## अध्ययन विधि र पक्रिया

प्रस्तुत आलेख व्याख्यात्मक तथा विश्लेषणात्मक विधिमा आधारित छ । अध्ययनका लागि आवश्यक सामग्रीहरू प्राथमिक र द्वितीय स्रोतबाट संकलन गरी यस अध्ययनलाई पूर्णता गरिएको छ । शङ्कर लामिछानेको 'एब्स्ट्रयाक्ट चिन्तन प्याज' निबन्धलाई सामग्री सङ्कलनको प्राथमिक स्रोतका रूपमा लिइएको छ । द्वितीयक स्रोतका रुपमा पुस्तकालयीय प्रक्रियाको उपयोग गरिएको छ । यसरी अध्ययनलाई पूर्णता दिन विभिन्न पुस्तकहरू, शोधपत्रहरू, जर्नलहरू, लेखहरू, समीक्षाहरू, टिप्पणीहरूलाई आवश्यकता अनुसार प्रयोग गरिएको छ ।

## निबन्धगत प्रवृत्ति

निबन्धकार शङ्कर लामिछानेले कथा, कविता, निबन्ध, भूमिका लेखन, लघु उपन्यास, संस्मरण, अन्तर्वार्ता, सम्पादन जस्ता विविध विधा र विषयमा कलम चलाएका भएपनि उनलाई निबन्ध साहित्य क्षेत्रमा बढी सफलता मिल्यो । देवकोटापछि नेपाली निबन्धका क्षेत्रमा नवीन प्रयोगका रूपमा शङ्कर लामिछाने नै स्थापित भए । लामिछनेका चार ओटा निबन्ध सङ्ग्रहहरू प्रकाशित भएका छन् । उनका यी निबन्धहरूको अध्ययन गर्दा उनका निबन्धमा जीवनप्रतिको विसङ्गत चेतना अत्यधिक रूपले प्रस्तुत भएको देखिन्छ । उनको निवन्ध चेतना जीवनका भोगाइ र अनेक सम्बन्धबाट प्राप्त अनुभवको समग्रबाट बनेको छ, जहाँ उनी शून्य बोध हुँदै अस्तित्वको अभिव्यञ्जना दिइरहेका हुन्छन् । उनको निवन्ध चिन्तन सत्यको खोजतर्फ उन्मुख भएको देखिन्छ । विचार र शैलीपक्षको प्रधानता रहने निवन्ध विधामा लामिछानेको अभिव्यक्ति जटिल तर आस्वाद्य किसिमको पाइन्छ । "निबन्धकार लामिछानेले वैयक्तिक जीवन भोगाइका क्रममा सँगालेका अनुभवहरू, संस्मरणहरू, साहित्य, कला, सङ्गीत, ज्ञानविज्ञान, ज्योतिशास्त्र, मनोविज्ञान, जीवनजगत् आदि विविध विषयमा निबन्ध लेखेको देखिन्छ" (भट्टराई, २०७९, पृ.

७५) । यिनले जीवन भोगाइका विभिन्न अनुभवहरू सङ्गीत, साहित्य र साहित्यकार, कला तथा जीवन-जगतलाई निबन्धका विषयवस्तु बनाएका छन् । समकालिन युग जीवनका विविध सन्दर्भहरूलाई अमूर्त रूपमा चित्रण गर्ने प्रायोगिक शैलीको उपयोग गर्दै बौद्धिकता र आत्मपरकताको समन्वय निबन्धमा गरेका छन् ।

सांसारिक जीवनमा भएका उन्नति, प्रगति, उमेर, युग, परिस्थिति, वातवरण आदिको चर्चामात्र होइन समाजका नयाँ र पूराना मूल्यमान्यताको निरन्तरता र प्रतिस्थापना गर्ने प्रयत्न उनका निबन्धबाट भइरहेको छ । यसरी आधुनिक नेपाली निबन्ध विधालाई नयाँपन, नयाँ आयाम, नयाँ परिवेश दिएका छन् लामिछाने व्यक्ति, जीवन, जगत, धर्म, संस्कृति, भाषा, साहित्य, कला, विज्ञान, राजनीति, दर्शन आदि विविध विषयमा निबन्ध लेख्ने निबन्धकारको रुपमा लिइन्छ । उनका निबन्धमा विषयगत विविधता भेटाउन सकिन्छ । विषय र शैलीमा नयाँपन, भावना र चिन्तनको समिश्रण रहेको पाइन्छ । समकालिन समयमा मानिसले भोग्नु परेका पीडा र कष्टलाई वैयक्तिक अनुभूतिसँग जोडी गम्भीर चिन्तन मनन् गरेका छन् । उनका निबन्धमा वस्तु, शील्प, चिन्तन र प्रस्तुतीकरण आदि विविध पक्षमा नवीनता पाइने हुनाले उनलाई प्रयोगवादी निबन्धकार पनि भनिन्छ ।

निबन्धकार शङ्कर लामिछाने सामान्य विषयलाई पनि विशिष्ट बनाएर लेख्न सक्ने क्षमता उनमा पाइन्छ । जीवनको निस्सारता, विसङ्गतिबोध, अर्मूत लेखन, युगीन चेतन प्रवाह शैली, जटिल, दुर्बोध्य, सूक्ष्मता, बौद्धिकता, प्रतिकात्मकता, भाबुक र  आध्यात्मिक चिन्तनगत प्रस्तुती पाइन्छ (न्यौपाने, २०४९) । उनका निबन्धमा अतीतप्रति आलचोना, वर्तमानप्रति असन्तुष्टि र भविष्यप्रति आशावादी व्यक्त भएका हुन्छन् । उनका निबन्धमा व्याख्यात्मक नभएर सूत्रात्मक शैलीको अभिव्यक्ति पाउन सकिन्छ । तत्सम, तद्भव र आगान्तुक शब्दहरूको प्रयोग र गद्य शैली, सरल वाक्यमा संक्षिप्तता, मितव्ययिता, आकर्षक भाषाशैलीगत विशेषता पाइन्छ । समग्रमा उल्लिखित विशेषताहरूलाई तल बुँदाबद्ध गरिएको छ :

- विषगत विविधता एवम् विषय र शैलीमा नयाँपन
- भावना र चिन्तनको समिश्रण तथा प्रतिकात्मक र चेतन-प्रवाह  शैलीको प्रयोग
- जीवन, जगत, धर्म, संस्कृति, भाषा, सहित्य, कला, विज्ञान, राजनीति, प्राविधिक आदि विषयसँग सम्बन्धित निबन्धगत विषयवस्तु
- कथ्य र शिल्प दुवै पक्षको गहिराइमा पुग्ने चेष्टा र प्रयत्न
- समकालीन मानिसले भोग्नु परेका पीडा र कष्टलाई वैयक्तिक अनुभूतिसँग जोडी गम्भीर चिन्तन र मनन गर्ने निबन्ध स्रष्टा
- सामान्य विषयलाई पनि विशिष्ट बनाएर लेख्नसक्ने क्षमता
- जीवनको विषयलाई पनि विशिष्ट बनाएर लेख्नसक्ने क्षमता

- जीवनको निस्सारता, विसङ्गतिबोध, अर्मूत लेखन, युगीन चेतनप्रवाह शैली, जटिल, दुर्बोध्य, सूक्ष्मता, बौद्धिकता, प्रतिकात्मकता, भाबुक र चिन्तनशीलता आदिलाई निबन्धमा संयोजन
- उनका निबन्धमा व्याख्यात्मक नभई सूत्रात्मक शैलीको अभिव्यक्ति पाइने
- मानिसको अस्तित्वप्रति बढी सचेत रहने प्रवृत्ति
- निबन्धमा अतीतप्रति आलोचना, वर्तमानप्रति असन्तुष्टि र भविष्यप्रति आशावादी स्वर
- उनका निबन्धमा तत्सम, तद्भव र आगन्तुक शब्दहरूको प्रयोग र गद्य शैली, सरल वाक्यमा संक्षिप्तमा, मितव्ययिता, आकर्षक भाषाशैलीगत विशेषता पाइने ।

## शीर्षकीय सार्थकता

केदारमान व्यथितले कथा लेख्न आग्रह गरेको र लैनसिंह बाङ्गदेलले एब्स्ट्रयाक्ट शैली प्रयोग गर्नुस् भनी प्रेरित गरेकाले लामिछानेले प्रस्तुत शीर्षकलाई चयन गरेका हुन् । शीर्षकमा आएको 'प्याज' ले आजको मान्छेलाई प्रतिनिधित्व गरेको छ र अर्थहीन जीवनलाई व्याख्या गरेको छ । आजका मानिसहरू प्याज जस्तै पत्र पत्रमा बेरिएर, एक्लिएर अनि डल्लिएर दुर्गन्धले ग्रस्त भएका छन् । मानिस भन्नु प्याज जस्तै हो जो कोट्याउँदै र खोताल्दै जाँदा निस्सार, निरर्थक, अस्तित्वहीन, अर्थविहीन र गुदीविहीन बन्छ (दाहाल, २०७२) । जीवनको निसारता र समकालीन मानिसको अमूर्त चित्रण गरिएको यस पृष्ठभूमिमा प्रस्तुत निबन्धको शीर्षक जुन रोजियो त्यसले सार्थकता लिएको पाइन्छ ।

## निबन्धको संरचना

एब्स्ट्रयाक्ट चिन्तन प्याज (२०२४) निबन्धमा २७ ओटा अनुच्छेद संरचित रहेको पाइन्छ । दसवटा निबन्धहरू यस निबन्धसङ्ग्रहमा सङ्ग्रहीत छन् । यस निबन्धको शीर्षकबाटै निबन्धसङ्ग्रहको नामकरण गरिएको छ । यस निबन्धले वि.स. २०२४ सालमा मदन पुरस्कार प्राप्त गर्न सफल भएको उत्कृष्ट निबन्ध हो । यो निबन्ध प्रसिद्ध मूर्धन्य लेखक लैनसिंह वाङ्देलको आग्रहमा रचना गरिएको हो । आधुनिक विकसित समाजका तमाम समस्या, अस्तव्यस्तता, जटिलता र जीवनका अकर्मन्यतालाई प्रतिबिम्बित गर्न यस निबन्धमा लामिछानेले आफू र आफनो यथार्थतालाई प्रस्तुत गरेका छन् । आजका आधुनिक मानिस परम्परागत चिन्तनबाट निकै अगाडि पुगिसकेको छ । उससँग आफ्ना वैयक्तिक समस्यादेखि विश्वस्तरीय अनेकौं जटिलताहरूले गिजोलिएका छन् । आजका मानिसको जीवनलीला सरल र सहज छैन । आजका मानिसहरू विभिन्न परिबन्धनका सीमामा बाँधिएका छन् । मानिसभित्र विभिन्न समस्याहरू अटेसमटेस भई अमूर्त रूपमा कोचिएर उकुसमुकुस भएर बसेका छन् । वर्तमान मानिसका जीवनका अनेकौं समस्याहरूलाई अभिव्यक्त गर्ने यो निबन्ध नेपाली साहित्यका पाठकका बीचमा निकै चर्चित र लोकप्रिय रहेको देखिन्छ ।

**विषयवस्तु**

केदारमान व्यथिततको कथा लेख्ने अनुरोध र बाङ्गदेलको पेन पिक्चरमा एब्स्ट्रयाक्ट शैली प्रयोग गर्न दिइएको सल्लाहले नै यो निबन्ध सृजित भएको हो । निबन्धमा आधुनिक समाजको र आजका मानिसहरूको अमूर्त चित्रण अत्यन्तै मार्मिक शैलीमा प्रस्तुत गरिएको छ । निबन्धकार भन्छन् : 'व्यथित जी, कृष्णले मुख खोलेर यशोदालाई विश्वरुप देखाएका थिए । तपाइँ आज मेरो विश्वरुप हेर्नुहोस्' (एब्स्ट्रयाक्ट चिन्तन प्याज पृ. २८-२९) । कृष्णले आफ्नो मुख खोलेर योशोदालाई विश्वरुप देखाए जस्तै लामिछानेले यो निबन्ध लेखेर आजका मान्छेको विश्वरुप यथार्थलाई प्रकट गरेका छन् । सृष्टिको आदिदेखि वर्तमानसम्म उसले आफ्नो सर्वत्र विसङ्गतिहरू विराट रुपमा देखाइसकेको छ । निबन्धकारले मान्छेमै यावत् समस्याहरू देखेका छन् । संसारका विविध समस्याहरू मानवीय समस्या हुन् । मानिसका लागि स्वयम् मानिस नै समस्या हो । समकालीन विश्वका मानिसहरू प्याजजस्तै अमूर्त र दुर्गन्धित छन् भन्ने निबन्धकारको ठहर छ । यहि वास्ताविक रुपको यथार्थता लामिछाने व्यक्त गर्दछन् । उनी भन्छन् : 'रियलिस्ट चित्रणमा त म एउटा प्याज हुँ, रङ्गहीन पत्रैपत्रले मोडिएको अनन्त दुर्गन्ध र गहिऱ्याइ ....' (एब्स्ट्रयाक्ट चिन्तन प्याज पृ. १४३-१४४) । आजका मानिसहरूमा अनेकौ इच्छा, चाहना र आकांक्षाहरू जागरुक हुन्छन् । यसै गरी, अब त प्रत्येक जागरुक मान्छेको मस्तिष्क कृष्णको विराट रुप भन्दा कम छैन । आजका मानिसहरू आफ्नै छल, कपट, धोका, हत्या, गैर जिम्मेवारी अन्धविश्वास, भक्ति, श्रद्धा, मुर्ख्याइँ, ऐन, कानुन र अनुदारका सीमामा जकडिएर बन्धनमा परेका छन् । आजका प्रत्येक मानिसहरू भगवान हुन् र उनीहरूमा ईश्वरका गुणहरू पनि छन् तर मान्छेमा मानवता र विश्वास लोप हुँदै गएको छ भनी निबन्धकारले यस जगत्मा बाँचेका मानिसहरूप्रति गम्भीर चासो र चिन्ता प्रकट गरेका छन् ।

मानिसलाई विभिन्न आवश्यकताको परिपूर्तिको लागि भौंतारिंदै हिंडदा बित्ने दिन र रातहरू, अनेकौं विशृङ्खलित र असङ्गतिहरू बीच मानिस बाँचेको छ भन्ने कुरालाई निबन्धकारले सङ्केत गरेका छन् । परम्परा र नवीनताको दोधाँरमा छ । न परम्परालाई बिर्सन सक्छ न नवीनतालाई आत्मसात् गर्दछ । त्यसैले मान्छेमा अनेकौं अस्तव्यस्तता र अन्यौलता रहेको छ । आज भन्दा धेरै पहिल्यै जन्मेको भए पनि यस्तो दुर्दशामा मान्छे पर्ने थिएन भन्दै यस निबन्धमा निबन्धकारले आफूलाई १००० वर्षपछि पृथ्वीको मान्छे भएर जन्मने इच्छा प्रकट गरेका छन् । त्यतिखेर राष्ट्रका परिधिहरू, विश्वासको परिधिहरू, धर्मका परिधिहरू, राजनीतिका परिधिहरू सबै ध्वस्त हुँदै आजको विश्व एउटै राज्यमा परिणत हुने र विश्व बन्धुत्वका भावले सबै मानिस गोलितहुने परिकल्पना गरिएको छ । राष्ट्र राष्ट्रको सीमाना सार्न वा हटाउन गरिने रक्तपातपूर्ण युद्धको पनि अन्त्य हुने उल्लेख गरिएको छ । भौगोलिक सीमाङ्कनको विभाजनले मानवताको सम्बन्धलाई जाति, धर्म, वर्ण, सम्प्रदाय, देश, काल आदिले विखण्डन बनाएको छ । त्यसैले आजको मान्छे एउटा सीमानामा कैद हुनुपरेको छ : 'सीमाना नाघे पछि मैले नागरिकता लिनै पर्छ - यस कारण म अनागरिक' ( एब्स्ट्रयाक्ट चिन्तन प्याज पृ. १२२-१३२) । निबन्धमा निबन्धकारले विश्वका चर्चित घटनाकोबारे चासो, चिन्ता, दुःखेसो व्यक्त गर्दै आफूलाई विश्व

भ्रमण गराएका छन् यसरी संसारका घटनाहरूलाई पाठक सामु परिचित गराउँदै आजका मानिसहरूको दारुणिक र विसङ्गतिको चित्रण गर्न खोजेका छन् ।

आजका मानिसहरूमा विश्वासको खडेरी परेको छ । एउटै जगतमा  एकातिरको सीमानामा मेरो पुर्खाको विश्वास छ, अर्कोतिरको सीमानामा मेरो सन्तानको विश्वास भन्दै निबन्धकार विगत इतिहास सम्झन्छन् र भविष्यको रेखाङ्कन  गर्छन्र वर्तमानको पनि मूल्याङ्कन गरिरहन्छन् । निबन्धकार लामिछानेले प्रस्तुत निबन्धमा विश्वमा भएका चर्चित घटनाहरूको स्मरण गराउँदै अब विश्वयुद्ध भयो भने कहाँबाट सुरु होला भन्ने जिज्ञासा व्यक्त गरिरहेकाछन् भने उत्तर बाङ्देललाई प्रश्न गर्दै आजको कुन चाहिँ मानिसको जीवन एब्स्ट्रयाक्ट छैन ? कुन चाहिँ मानिस घृणित छैनन् ? कुन मानिसको मनमा लोभ छैन ? जस्ता प्रश्नहरू गरेका छन् । मानिसको विभिन्न इच्छा-आकांक्षा, मोलमोलाई, खरिद-बिक्री, बन्धक-ब्याज, आस्था-विश्वास जस्ता कुरामा नै आजको मानिसहरूको समय व्यतित भएको उल्लेख गरेका छन् ।

आज ल्याएको मासु हाडैहाड, आजको दुध एकदम पातलो, दाउरा कति महँगो भन्ने समस्यादेखि माथि उठ्दै पार्लियामेन्टमा नेहरूले बोलेका कुरा, खुश्चेभले बर्लिनबारे चालेको नयाँ कदमले संसारमा के असर पर्ला ? अमेरिका र रुसको शीतयुद्ध, यु.एन.ओ. का कारवाही, लाओस, सुएज, गलवान भ्याली, काश्मीर, मलाया आदिको समस्या र चिन्ताले निबन्धकार व्यथित भएका पाइन्छन् । उनले सबै प्रकारका ईश्वर र धर्महरूप्रति आस्था र विश्वास गर्छन । क्राइस्ट, मोहम्मद र बुद्धलाई मन पराउँछन् । आजका भगवानहरूलाई मानिसहरूले कन्ट्रोल गरेका छन् र भगवान अनिश्वरवादी छन् भनी असहमति प्रकट गरेका छन् । यसरी मानिसको जीवन मूल्य, मान्याता, आस्था, विश्वास, सङ्कट, यथार्थ, विसङ्गति, विकृति र प्रवृत्तिले थिलो-थिलोपरेको सन्दर्भलाई निबन्धबाट प्रकाश पारेका छन् ।

**मूलभाव :**

प्रस्तुत निबन्धको मूल मर्म आजको मानिसको अवस्थाको वास्तविक यथार्थ चित्रण गर्दै मानिस र प्याजलाई तुलना गरिएको छ । आजको मानिस ‘प्याज’ जस्तै पत्रपत्रमा विभिन्न समस्याहरूमा जकडिएको, बेरिएको, दुर्गन्धले भरिएको र केलाउँदै जाँदा प्याजका अन्त्यमा केही गुँदी नभेटिएको र केवल शून्य हात लागे झैं मानिसको जीवनलीला पनि यस्तै छ भन्ने दृष्टिकोण निबन्धको रहेको छ । आजका मानिसहरू विभिन्न परिबन्धनका सीमामा बाँधिएका र तर भोलिका मानिसहरू कुनै सीमामा नबाँधिएर विश्वको सबै नागरिकहरू स्वतन्त्र हुने दृष्टिकोण पनि प्रस्तुत गरिएको छ । प्याजसँग तुलना गर्दै निबन्धकारले आजको मानिसहरू उसको जिजीविषाभित्र अनेकौँ लोभ, रीस, छलकपट, धोका, अपराध, हत्या,  हिंसा, चोरी, लुटपाट, भ्रष्ट्राचार, अनैतिकता, अस्थिरता, विकृति, विसङ्गति जस्ता अनेकौं घृणाको भावनाहरूले जेलिएको छ । यी दुर्गन्ध र अनेकौँ समस्याग्रस्त मान्छे साँचो अर्थमा प्याज हो । उनका दृष्टिमा मानिसको जीवन प्याज जस्तै रङ्गहीन, अर्थहीन र भावहीन छ र विश्वमानवकै

समसमायिक स्थिति बारेमा अन्योल, अकर्मण्यता, शंका जस्ता समस्या र उल्भनमा जेलिएको र यस्तो जीवन अनन्त कालसम्म यसैगरी रहिरहने भाव पनि निबन्धमा प्रस्तुत गर्न खोजिएको छ ।

**भाषाशैली :**

लामिछाने परम्परागत लेखन शैलीप्रति असहमत हुँदै नविन भाषा र शैली प्रयोग गरेका छन् । तीव्र अनुभूति, प्रखर भावना र साधरण भाषा भईकन पनि प्रभावकारी शैलीले गर्दा लामिछानेका निबन्धले नेपाली साहित्यको ठुलो आवश्यकता पूर्ति गरेका हुन् (ओभा, २०७१) । उनका निबन्धमा अर्मूत लेखन, प्रयोगधर्मीता, चेतन प्रवाहमय शैली प्रकट भएको पाइन्छ । विभिन्न प्रतीक बिम्ब र अर्मूत शैलीको प्रयोगले उनका निबन्धहरू जटिल जस्तो लाग्दछ । भाषाशैली र विषयका प्रस्तुतिले यिनी नेपाली निबन्ध फाँटमा मौलिकता र विविधता थप्न सफल भएका छन् । निबन्धमा तत्सम्, तद्भव र आगन्तुक शब्दहरूको समुचित किसिमले प्रयोग गरिएको छ ।

**निष्कर्ष**

निबन्धकार शङ्कर लामिछाने जीवन भोगाइका अनुभव र अनुभूतिलाई साहित्यमा ढाल्दै सङ्गीत, साहित्य र साहित्यकार, कला तथा जीवन जगतलाई निबन्धको विषयवस्तु बनाउने समकालीन जीवनलाई अमूर्त रूपमा चित्रण गर्ने बौद्धिक साहित्यकार हुन् । यस निबन्धमा निबन्धकार लामिछानेले विषयवस्तु तथा शैली दुवै अमूर्त किसिमको आगालेका छन् । वर्तमान विश्वको यस किसिमको बाध्यताले उनीहरूको चिन्तन, विषयवस्तु र शैलीलाई अमूर्त बनाएको हो । अहिलेको मानिस आफनो परिवेशमा मात्र उभिएको हुँदैन । उसका मनमस्तिष्कमा पूरै विश्व अटाएको हुन्छ । देशविदेशका घटना र दुर्घटनाहरूबाट ऊ प्रेरित, प्रभावित र उत्तेजित बन्दछ । विश्वको हरेका मानिस घरेलु परिस्थितिदेखि विश्वस्तरीय विविध समस्याहरूबाट प्रभावित र प्रेरित हुन्छ । मानिसका मन र मस्तिष्क पनि त्यसबाट अछुतो रहन सक्तैनन् । यसमा समकालीन विश्वकै मानिसहरू प्याज जस्तो अमूर्त, विसङ्गतिमय र दुर्गन्धित छन् भने निबन्धकारको ठहर छ । आजका मानिसहरूमा अनेकौ इच्छा, चाहना र आकांक्षाहरू जागरूक हुन्छन् । आजका मान्छेहरू आफ्नै छल, कपट, धोका, हत्या, गैर जिम्मेवारी अन्धविश्वास, भक्ति, श्रद्धा, मुर्ख्याइँ, ऐन, कानुन र अनुदारका सीमामा जकडिएर बन्धनमा परेका छन् मानिसको जीवन प्याज जस्तै रङ्गहीन, अर्थहीन र भावहीन देखिन्छ । विश्वमानवकै समसामयिक स्थितिको बारेमा अन्योल, अकर्मण्यता, शंका जस्ता समस्या र अल्भन लिएर अन्तकालसम्म पत्रैपत्रले मोडिएको छ भन्ने भाव यस निबन्धमा प्रस्तुत गर्न खोजिएको छ । विभिन्न प्रतिक, बिम्ब र अमूर्त शैलीको प्रयोगले उनका निबन्धहरू जटिल जस्तो लागे पनि भाषाशैली र विषयका प्रस्तुतिले भने नेपाली निबन्ध साहित्यिक फाँटमा नवीन मौलिकता र विविधता थप्न सफल भएका देखिन्छन् ।

**सन्दर्भ सामग्रीहरू :**

आचार्य, कृष्णप्रसाद (२०६८), *आधुनिक नेपाली साहित्य, आधुनिक नेपाली निबन्ध*, काठमाडौं : क्षितिज प्रकाशन ।

ओझा, रामनाथ (२०७१), *आधुनिक नेपाली निबन्ध र समालोचना,* काठमाडौं : पाठशाला पब्लिकेसन प्रा.लि. ।

दाहाल, दुर्गाप्रसाद (२०७२), *स्नातक अनिवार्य नेपाली,* काठमाडौं : एम. के. पब्लिसर्स एण्ड डिस्ट्रिब्युटर्स ।

न्यौपाने, टङ्कप्रसाद (२०४९), *आधुनिक नेपाली निबन्ध,* काठमाडौं : साझा प्रकाशन ।

भट्टराई, बी.पी. (२०७१), *स्नातक अनिवार्य नेपाली,* काठमाडौं : अक्सफोर्ड इन्टरनेशनल पब्लिकेसन ।

भट्टराई, श्यामप्रसाद (२०७९), *आधुनिक नेपाली निबन्ध र समालोचना* (प.सं.), काठमाडौँ : जुपिटर प्रिन्टिङ एन्ड पब्लिसिङ्ग हाउस प्रा.लि. ।

लामिछाने, शङ्कर (२०५७), *एब्स्ट्रयाक्ट चिन्तन प्याज,* काठमाडौं : भावक अभियान ।